# शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८

आन्तरिक मामिला न्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

**२०७८।१०।२७**

**प्रस्तावना:** बागमती प्रदेशका सामुदायिक माध्यामिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययनरत महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छात्रवृत्ति निर्देशिका तयार गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "छात्रवृत्ति" भन्नाले दफा ९ बमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ।

(ख) "छात्रवृत्ति छनोट समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "सामुदायिक क्याम्पस" भन्नाले नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी गैर नाफामूलक रुपमा स्नातकोत्तर तहसम्मको अध्यापन गराउने क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>छात्रवृत्तिका शर्त तथा छात्रवृत्तिको लागि विद्यार्थीको योग्यता</u>

३. <u>**छात्रवृत्तिका शर्तहरु**</u>: (१) यस कार्यविधि बमोजिमको छात्रवृत्तिका लागि आवेदन दिने छात्राछात्रले देहाय बमोजिमको शर्तहरू पुरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक हुनु पर्ने,

(ख) बागमती प्रदेशभित्रको स्थायी बासिन्दा हुनुपर्ने वा बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको हुनु पर्ने,

(ग) बागमती प्रदेश भित्रको सामुदायिक माध्यामिक विद्यालयबाट एसईई उतीर्ण गरेको हुनु पर्ने,

(घ) स्नातक तथा स्नातकोत्तर तहको छात्रवृत्तिको लागि बागमती प्रदेशभित्रको सामुदायिक विद्यालयबाट कक्षा १२ उतीर्ण गरेको हुनु पर्ने,

(ङ) स्नातकोत्तर तहको छात्रवृत्तिको लागि बागमती प्रदेशभित्रको सामुदायिक क्याम्पसबाट स्नातक तह उतीर्ण गरेको हुनु पर्ने,

(च) महिला छात्रवृत्तिको हकमा बागमती प्रदेशभित्रको सामुदायिक क्याम्पसमा स्नातक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

वा स्नातकोत्तर तहको पहिलो वर्षमा भर्ना भई सो वर्ष वा सेमेष्टरको अन्तिम परीक्षामा सामेल भएको हुनु पर्ने,

(छ) सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयमा अध्ययनरत छात्राछात्रलाई प्रदान गरिने छात्रवृत्तिको हकमा कक्षा ११ वा सो सरहको कक्षामा भर्ना भई अन्तिम परीक्षामा सामेल भएको हुनु पर्ने,

(ज) छात्रवृत्तिको लागि आवेदन दिएको शैक्षिक तहमा संघीय सरकार, प्रदेश सरकार, विश्वविद्यालय अनुदान आयोग, सम्बन्धित विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, स्थानीय तह, सम्बन्धित क्याम्पस वा अन्य कुनै पनि निकाय वा संघ संस्थाबाट छात्रवृत्ति नलिएको हुनु पर्ने।

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफाको खण्ड (ख) बमोजिमको विवाहित महिलाको हकमा अन्य प्रदेशको सामुदायिक विद्यालयबाट एसईई, कक्षा १२ र सामुदायिक क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेकोलाई मान्यता दिइनेछ।

४. **छात्रवृत्ति प्राप्त गर्ने छात्राछात्र:** दफा ३ बमोजिमको शर्त पुरा गरेका देहाय बमोजिमका छात्राछात्रले यो निर्देशिका बमोजिमको छात्रवृत्ति प्राप्त गर्नेछन्:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) बागमती प्रदेशभित्रका सामुदायिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दफा ५ को उपदफा (३) को खण्ड (क) बमोजिम छनोट भएका छात्रा,

(ख) कृषि, भेटनेरी, सर्भेयर, सिभिल इन्जिनियरिङ, वन विज्ञान विषयमा सामुदायिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका छात्रछात्राहरू मध्ये दफा ५ को उपदफा (३) को खण्ड (ख) बमोजिम छनोट भएका छात्रा वा छात्र।

## परिच्छेद-३
## छात्रवृत्तिमा छनोट तथा छात्रवृत्ति वितरण

५. **छात्रवृत्ति छनोट प्रक्रियाः** (१) दफा ३ बमोजिमका शर्त पुरा गरेका छात्राछात्रहरूले दफा ८ मा तोकिएको कागजात सहित निर्देशनालयमा अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी छात्रवृत्तिका लागि नाम छनोट तथा सिफारिस गर्न निर्देशनालयले दफा ६ बमोजिमको समितिमा पठाउनेछ।

(३) समितिले उपदफा (२) बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ३ बमोजिमका शर्त पुरा गरेका र दफा ८ मा तोकिएको प्रक्रिया र कागजात पुरा गरेका देहायका छात्रा छात्रको नाम छनोट गरी दफा ९ बमोजिमको छात्रवृत्ति उपलब्ध गराउन शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्नेः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) दफा ४ को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि आवेदन गर्ने छात्राहरू मध्ये विनियोजित रकमको सीमा भित्र रही अनुसूची-२ मा उल्लिखित मापदण्ड बमोजिम छनोट भएका छात्राहरू,

(ख) दफा ४ को खण्ड (ख) बमोजिमको छात्रवृत्तिको लागि आवेदन गर्ने छात्राछात्रहरू मध्ये विनियोजित रकमको सीमा भित्र रही अनुसूची-३ बमोजिमको मापदण्डको आधारमा प्रत्येक स्थानीय तहबाट छनोट भएका कक्षा ११ वा सो सरहमा अध्ययनरत एकजना छात्रा वा छात्र।

(ग) खण्ड (क) र (ख) बमोजिम छात्रा छात्रको नाम सिफारिस गर्दा प्राप्ताङ्क बराबरी भएमा दलित, लोपोन्मुख जाति, अल्पसंख्यक, सिमान्तकृत, समूहलाई क्रमशः प्राथमिकतामा राखी छनोट गर्नु पर्नेछ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम सिफारिस गर्नु अघि खण्ड (ख) बमोजिम सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम छात्रा वा छात्रको नाम सिफारिस गर्दा शैक्षिक छात्रवृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट सर्वप्रथम दफा ९ को उपदफा (२) बमोजिम छात्रा वा छात्रको लागि छात्रवृत्ति रकम बाँडफाँट गरी सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएको छात्रवृत्ति रकम घटाई बाँकी रकमको ७० प्रतिशत रकम स्नातक तहको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लागि र ३० प्रतिशत रकम स्नातकोत्तर तहको लागि बाँडफाँट गरी सो रकमको आधारमा दफा ९ को उपदफा (१) बमोजिम छात्रवृत्ति प्राप्त गर्ने छात्राको नाम सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिम छात्रवृत्ति रकम बाँडफाँट गर्दा कुनै एउटा समूह वा तहमा छनोट भएका छात्रा वा छात्रको सङ्ख्या कम भएमा समितिले अर्को समूह वा तहका छात्रा वा छात्रलाई छात्रवृत्ति रकम बाँडफाँट गरी सिफारिस गर्न सक्नेछ।

(८) उपदफा (३) बमोजिम समितिबाट सिफारिस भई आएका छात्राछात्रलाई दफा ९ बमोजिमको छात्रवृत्ति प्रदान गर्न निर्देशनालयले निर्णय गरी छात्राछात्रको नाम ठेगाना र सम्बन्धित क्याम्पसको नाम सहितको विवरण आफ्नो वेभ साइटमा प्रकाशन गरी सो को जानकारी कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।यस सम्बन्धी जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ।

६. **<u>छात्रवृत्ति छनोट समिति</u>ः** यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्ति छनोटको लागि देहाय बमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछः-

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) प्रमुख, प्रशासन, योजना तथा शिक्षा विकास महाशाखा, मन्त्रालय -सदस्य

(ग) शाखा प्रमुख, सम्बन्धित शाखा, निर्देशनालय -सदस्य-सचिव

७. **<u>छात्रवृति छनोट समितिको काम,कर्तव्य र अधिकार</u>ः** छनोट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) विनियोजित बजेटको सीमाभित्र रही निर्देशिकाले तोकेको मापदण्ड अनुसार छात्रवृत्तिको किसिम, रकम र सङ्ख्या यकिन गरी आवेदनको लागि सूचना प्रकाशित गर्न निर्देशनालयमा सिफारिस गर्ने,

(ख) निर्देशनालयबाट प्रकाशित सूचना अनुसार प्राप्त भएका निवेदनहरूको जाँचबुझ तथा मूल्याङ्कन गर्ने,

(ग) खण्ड (ख) बमोजिमको निवेदनको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ३ बमोजिमका शर्त पुरा गरेका, दफा ८ मा उल्लिखित कागजात पेश गरेका र दफा ४ को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि आवेदन दिएका छात्राहरू मध्येबाट विनियोजित बजेटको सीमाभित्र रही अनुसूची-२ मा उल्लिखित मापदण्ड बमोजिम छात्राहरूको नाम छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने,

(घ) खण्ड (ख) बमोजिमको निवेदनको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ३ बमोजिमका शर्त पुरा गरेका, दफा ८ मा उल्लिखित कागजात पेश गरेका र दफा ४ को खण्ड (ख) बमोजिमको छात्रवृत्तिको लागि आवेदन दिएका छात्राछात्रहरू मध्येबाट अनुसूची-३ मा उल्लिखित मापदण्ड बमोजिम कक्षा ११ वा सो सरहमा अध्ययनरत प्रत्येक स्थानीय तहबाट एकजना छात्रा वा छात्रको नाम छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने,

(ङ) स्थानीय तह, सामुदायिक विद्यालय र सामुदायिक क्यामपससँग आवश्यक विवरण माग गर्ने तथा समन्वय गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) छात्रवृत्ति कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने,

(छ) मन्त्रालयले तोकेका अन्य आवश्यक कार्य गर्ने।

८. **छात्रवृतिको आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूः** (१) दफा ३ बमोजिमको शर्त पुरा गरेका छात्राछात्रले दफा ९ बमोजिमको छात्रवृत्ति प्राप्त गर्न दफा ५ को उपदफा (१) बमोजिम पेश गर्ने निवेदन साथ देहाय बमोजिमको कागजात अनिवार्य रूपमा पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) बागमती प्रदेशको स्थायी बासिन्दा भएको निस्सा,

(ग) बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको भए विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

(घ) एसईईको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि,

(ङ) स्नातक र स्नातकोत्तर तहको छात्रवृत्तिको लागि कक्षा १२ को शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि,

(च) स्नातकोत्तर तहको छात्रवृत्तिको लागि स्नातक तह उतीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि र लब्धाङ्कको प्रतिलिपि,

(छ) एसईई उतीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) स्नातक र स्नातकोत्तर तहको छात्रवृत्तिको लागि कक्षा १२ उतीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारीस,

(झ) स्नातकोत्तर तहको छात्रवृत्तिको लागि स्नातक तह उतीर्ण गरेको क्याम्पस सामुदायिक क्याम्पस हो भन्ने सम्बन्धन दिने विश्वविद्यालयको पत्र,

(ञ) कक्षा ११ वा सो सरहको छात्रवृत्तिको लागि आवेदन दिने छात्रा छात्र अध्ययनरत माध्यामिक विद्यालय सामुदायिक विद्यालय/ शिक्षालय हो भन्ने सम्बन्धित स्थानीय तहको पत्र,

(ट) स्नातक तह वा स्नातकोत्तर तहमा छात्रवृत्तिको लागि आवेदन दिएका छात्रा अध्ययनरत क्याम्पस सामुदायिक क्याम्पस हो भन्ने सम्बन्धन दिने विश्वविद्यालयको पत्र,

(ठ) कक्षा ११ वा सो सरहको तहमा अध्ययनरत छात्रा छात्रको हकमा सम्बन्धित कक्षा/तहको अन्तिम परीक्षामा सामेल भएको निस्सा वा विद्यालयको पत्र,

(ड) स्नातक तह वा स्नातकोत्तर तहमा भर्ना भएको र प्रथम वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको निस्सा वा सम्बन्धित क्याम्पसको पत्र,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ढ) दलित, अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति विपन्न हो भने सम्बन्धित निकायको सिफारिस,

(ण) द्वन्द पीडित, शहीद वा घाइते परिवारको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र।

(२) उपदफा (१) को खण्ड (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) सम्मका सिफारिस उपलब्ध गराउने विषयमा सम्बन्धित विद्यालय/शिक्षालय/क्याम्पसले सम्बन्धित निकायसँग सहजीकरण गर्नु पर्नेछ।

९. **छात्रवृत्तिको रकम र निकासा प्रक्रियाः (१)** सामुदायिक क्याम्पसमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दफा ४ को खण्ड (क) बमोजिमको छात्रवृत्तिको लागि दफा ५ को उपदफा (३) को खण्ड (क) बमोजिम छनोट भई सिफारिस भएका छात्रालाई स्नातक तह पहिलो वर्षको लागि मात्र रु.१०,०००।- र स्नातकोत्तर तह पहिलो वर्षको लागि मात्र रु.१५,०००।- छात्रवृति प्रदान गरिनेछ।

(२) सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयमा अध्ययनरत दफा ४ को खण्ड (ख) बमोजिमको छात्रबृत्तिको लागि दफा ५ को उपदफा (३) को खण्ड (ख) बमोजिम छनोट भई सिफारिस भएका छात्रा वा छात्रलाई कक्षा ११ र १२ वा सो सरहमा अध्ययन गर्न लाग्ने भर्ना शुल्क र शिक्षण शुल्क बापतको रकम छात्रवृत्तिको रुपमा उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम स्नातक वा स्नातकोत्तर तहको लागि प्रदान गरिने छात्रवृत्ति रकम बरावरी रुपमा दुई किस्तामा उपलब्ध गराइनेछ।पहिलो किस्ता बापतको रकम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धित तहमा भर्ना भई पहिलो वर्ष वा सेमेष्टरको अन्तिम परीक्षामा सामेल भएको निस्सा वा क्याम्पसको पत्रको आधारमा र दोस्रो किस्ता सम्बन्धित तहको दोस्रो वर्ष वा सेमेष्टरको अन्तिम परीक्षामा सामेल भएको निस्सा वा क्याम्पसको पत्रको आधारमा उपलब्ध गराइनेछ।

(४) उपदफा (२) अनुसार प्रदान गरिने छात्रवृत्ति रकम सम्बन्धित सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयको पत्रको आधारमा बढीमा तीन किस्तामा उपलब्ध गराइनेछ। पहिलो किस्ता बापतको रकम कक्षा ११ वा सो सरहको तहमा भर्ना भई अन्तिम परीक्षामा सामेल भएको निस्सा वा क्याम्पसको पत्रको आधारमा, दोस्रो किस्ता कक्षा १२ वा सो सरहको अन्तिम परीक्षामा सामेल भएको निस्सा वा क्याम्पसको पत्रको आधारमा प्रदान गरिनेछ। सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयको कक्षा ११ र १२ वा सो सरहको अध्ययन अवधि ३ वर्ष भएमा तेस्रो किस्ता बापतको रकम सो तहको अन्तिम वर्षको परीक्षामा सामेल भएको निस्सा वा विद्यालय/शिक्षालयको पत्रको आधारमा उपलब्ध गराइनेछ।

(५) उपदफा (१) र (२) बमोजिमको छात्रवृत्तिको रकम प्राप्त गर्न छनोट भएका छात्रा छात्रले छात्रवृत्तिमा छनोट भएको सिफारिस पत्र सहित आफ्नो खाता रहेको बैंकको नाम, बैङ्क खाता नम्बर र अनुसूची-४ बमोजिमको कबुलियतनामा समेत संलग्न गरी निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदनको आधारमा निर्देशनालयले संलग्न कागजात रुजु गरी सम्बन्धित विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम जम्मा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, वाग्मती प्रदेश

## परिच्छेद-४

## विविध

१०. **विवरण पठाउनु पर्नेः** निर्देशनालयले छात्रवृत्ति प्राप्त गर्ने छात्राछात्रहरूको विवरण सम्बन्धित सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय र क्याम्पसमा पठाउनु पर्नेछ।

११. **विवरण उपलब्ध गराउनु पर्नेः** छात्रवृत्ति पाएका विद्यार्थी अध्ययन गर्ने सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय र सामुदायिक क्याम्पसले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको नाम, ठेगाना, फोन नं, हाजिरी, भर्ना भएको र सम्बन्धित कक्षा/तहको अन्तिम परीक्षामा सामेल भएको व्यहोराको विवरण प्रत्येक वर्ष निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ।

१२. **छात्रवृति वितरण व्यवस्थापन खर्चः** छात्रवृति सम्बन्धी सूचना प्रकाशन, छात्रवृत्तिको दरखास्त संकलन, बैठक र अनुगमन कार्यको लागि लाग्ने खर्च स्वीकृत मापदण्ड बमोजिम गर्ने गरी छात्रवृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट व्यवस्थापन गरिनेछ।

१३. **प्रतिवेदन पेश गर्नु पर्नेः** निर्देशनालयले यस निर्देशिका बमोजिम वितरण गरेको छात्रवृत्ति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१४. **लेखा तथा लेखापरीक्षणः** (१) छात्रवृत्ति रकमको लेखा प्रणाली प्रचलित कानून बमोजिम हुनेछ ।

(२) आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **<u>सरकारी बाँकी सरह असुल उपर गरिने</u>**: छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले यस निर्देशिकामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा अध्ययन बीचैमा छाडेमा वा दोहोरो छात्रवृत्ति लिएमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम निजको घरघरानाबाट निर्देशनालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

१६. **<u>प्रदेश सरकारले सेवामा खटाउन सक्ने</u>**: (१) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा गरेका विद्यार्थीलाई प्रदेश सरकारले आवश्यक ठानेमा अध्ययन पुरा गरेको मितिबाट बढीमा दुई वर्षसम्म प्रदेशभित्रको सम्बन्धित क्षेत्रको सेवामा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवामा खटाउँदा निजलाई प्रचलित कानून बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

१७. **<u>आवश्यक व्यवस्था मिलाउने</u>**: यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१८. **<u>प्रचलित कानुन बमोजिम हुने</u>**: यस निर्देशिकामा उल्लेख भए देखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ

१९. **<u>खारेजी र बचाउ</u>**: (१) छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति निर्देशिका, २०७६ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## **शैक्षिक छात्रवृत्ति निवेदन फारामको ढाँचा**

श्रीमान् निर्देशकज्यू,
शिक्षा विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा, नेपाल।

विषयः **छात्रवृत्ति सम्बन्धमा।**

महोदय,

शिक्षा विकास निर्देशनालय, हेटौंडाको मिति.................को सूचना बमोजिम सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय/सामुदायिक क्याम्पसमा अध्ययनको लागि प्रदान गरीने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई निर्देशनालय समक्ष यो निवेदन पेश गरेको छु।

१. छात्रवृत्तिको किसिमः (क) महिला ☐ (ख) अन्य ......
२. छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक तहः (क) कक्षा ११ वा सो सरह (ख) स्नातक (ग) स्नातकोत्तर
३. कक्षा ११ वा सो सरहको तहमा, स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्षमा भर्ना भएको मितिः
४. कक्षा ११ वा सो सरहको तहमा र स्नातक वा स्नातकोत्तर तहको पहिलो वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको मितिः
५. व्यक्तिगत विवरणः
   (क) नामः
   (ख) ठेगानाः
   (ग) फोन नंः मोबाइल नंः
   (घ) इमेलः
   (ङ) पिता/माताको नामः
   (च) हजुर बुवाको नामः
   (छ) वैवाहिक स्थितिः विवाहित / अविवाहित
   (ज) विवाहित भए पति/पत्नीकोः
      नामः
      ठेगानाः
      फोन नंः मोबाइल नंः
   (झ) रोजगारीको स्थिति : रोजगार ☐ / बेरोजगार ☐
   (ञ) रोजगार भए रोजगारदाताकोः
      नामः
      ठेगानाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

फोन नंः मोबाइल नंः

(ट) उत्तीर्ण गरेको शैक्षिक तह र संकायः

क. एसईईः

ख. कक्षा १२ः

ग. स्नातकः

(ठ) अध्ययनरत सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय वा सामुदायिक क्याम्पसको नाम र ठेगानः

(ड) अध्ययननरत विषयः

६. शैक्षिक विवरण

| क्र.सं | उतिर्ण गरेको/ अध्ययनरत रहेको शैक्षिक तह | अध्ययन गरेको/ अध्ययनरत रहेको शैक्षिक संस्थाको नाम ठेगाना र सङ्काय | प्रमुख विषय | उत्तिर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एसईई | | | | | |
| २. | कक्षा १२ | | | | | |
| ३. | स्नातक तह | | | | | |
| ४. | स्नातकोत्तर तह | | | | | |

७. अध्ययन लागत

(क) अध्ययनरत सामुदायिक माध्यामिक विद्यालय/शिक्षालय क्याम्पसको मासिक पढाई शुल्कः

(ख) भर्ना शुल्कः (ग) प्रयोगात्मक शुल्कः (घ) अन्य शुल्कः

८. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक</u>

नामः

ठेगानाः

दस्तखतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**नोटः <u>निवेदन साथ पेश गर्नु पर्ने कागजातः</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. बागमती प्रदेशको स्थायी बासिन्दा जनाउने कुनै निस्सा,

३. बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको भए विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

४. एसईईको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि,

५. स्नातक र स्नातकोत्तर तहोको छात्रवृत्तिको लागि कक्षा १२ को शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि,

६. स्नातकोत्तर तहको छात्रवृत्तिको लागि स्नातक तह उतीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि र लब्धाङ्कको प्रतिलिपि,

७. एसईई उतीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस,

८. स्नातक र स्नातकोत्तर तहको छात्रवृत्तिको लागि कक्षा १२ उतीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस,

९. स्नातकोत्तर तहको छात्रवृत्तिको लागि स्नातक तह उतीर्ण गरेको क्याम्पस सामुदायिक क्याम्पस हो भन्ने सम्बन्धन दिने विश्वविद्यालयको पत्र,

१०. कक्षा ११ वा सो सरहको छात्रवृत्तिको लागि आवेदन दिने छात्रा छात्र अध्ययनरत माध्यामिक विद्यालय सामुदायिक विद्यालय/शिक्षालय हो भन्ने सम्बन्धित स्थानीय तहको पत्र,

११. स्नातक तह वा स्नातकोत्तर तहमा छात्रवृत्तिको लागि आवेदन दिएका छात्रा अध्ययनरत क्याम्पस सामुदायिक क्याम्पस हो भन्ने सम्बन्धन दिने विश्वविद्यालयको पत्र,

१२. कक्षा ११ वा सो सरहको तहमा अध्ययनरत छात्रा छात्रको हकमा सम्बन्धित कक्षा/ तहको अन्तिम परीक्षामा सामेल भएको निस्सा वा विद्यालयको पत्र,

१३. स्नातक तह वा स्नातकोत्तर तहमा भर्ना भएको र प्रथम वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको निस्सा वा सम्बन्धित क्याम्पसको पत्र,

१४. दलित, अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति र विपन्न हो भन्ने सम्बन्धित निकायको सिफारिस,

१५. द्वन्द्व पीडित, शहीद वा घाइते परिवारको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ५ को उपदफा (३) को खण्ड (क) र दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

**स्नातक र स्नातकोत्तर अध्ययनको लागि प्रदान गरिने शैक्षिक छात्रवृत्ति छनोट सम्बन्धी मापदण्ड**

| **शैक्षिक योग्यता** | **श्रेणी** | **अङ्कको वर्गीकरण** | **अधिकतम प्रासाङ्क** |
|---|---|---|---|
| एसईई | | | १० |
| | प्रथम श्रेणी | १० अङ्क | |
| | द्वितीय श्रेणी | ७ अङ्क | |
| | तृतीय श्रेणी | ५ अङ्क | |
| कक्षा १२ | | | १० |
| | प्रथम श्रेणी | १० अङ्क | |
| | द्वितीय श्रेणी | ७ अङ्क | |
| | तृतीय श्रेणी | ५ अङ्क | |
| स्नातक तह | | | १० |
| | प्रथम श्रेणी | १० अङ्क | |
| | द्वितीय श्रेणी | ७ अङ्क | |
| | तृतीय श्रेणी | ५ अङ्क | |
| प्रदेश भित्रको बासिन्दाको आधार | | | १० |
| | गाउँपालिका भए | १० अङ्क | |
| | नगरपालिका भए | ७ अङ्क | |
| | उपमहानगरपालिका/महानगरपालिका भए | ५ अङ्क | |
| आर्थिकरुपले विपन्न | | | १० |
| सीमान्तकृत, लोपोन्मुख, दलित, अपाङ्गता, द्वन्द पीडित, शहीद परिवार र घाइते परिवार | | | १० |
| जम्मा | | | ५०/६० |

नोटः स्नातक तहको लागि पूर्णाङ्क ५० स्नातकोत्तर तहको लागि पूर्णाङ्क ६० हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची -३

(दफा ५ को उपदफा (३) को खण्ड (ख) र दफा ७ को खण्ड (घ) सँग सम्बन्धित)

## **सामुदायिक माध्यामिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत छात्रा छात्रलाई प्रदान गरिने छात्रवृत्ति छनोट सम्बन्धी मापदण्ड**

| **शैक्षिक योग्यता** | **श्रेणी** | **अङ्कको वर्गीकरण** | **अधिकतम प्राप्ताङ्क** |
|---|---|---|---|
| एसईई | | | १० |
| | प्रथम श्रेणी | १० अङ्क | |
| | द्वितीय श्रेणी | ७ अङ्क | |
| | तृतीय श्रेणी | ५ अङ्क | |
| आर्थिकरुपले विपन्न | | | १० |
| द्वन्द पीडित, शहीद परिवार र घाइते परिवार | | | १० |
| जम्मा | | | ३० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

## कबुलियतनामा

श्री .............................. को नाति/नातिनी श्री ................................ को छोरा/छोरी/बुहारी जिल्ला ..................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा .................................................. वडा. नं. ..... मा स्थायी बसोबास भएको हाल ................................................................. माध्यामिक विद्यालय/शिक्षालय/सामुदायिक क्याम्पसमा ............................................... विषयमा अध्ययनरत विद्यार्थी म ................................................... (नागरिकता नं. .......................) शिक्षा विकास निर्देशनालय, हेटौंडाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति अन्तर्गत महिला, दलित, अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख तर्फको ...... तहको लागि प्रदान हुने छात्रवृत्तिको लागि छनोट भएकोले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ का शर्तहरुको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम सरकारी बाँकी सरह फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी शिक्षा विकास निर्देशनालयमा पेश गरेको छु।

**छात्रवृत्ति पाउनेको**

दस्तखतः

नामः

सम्पर्क ठेगानाः

इमेलः

मोबाइल नं.ः

मितिः

नोटः अध्ययन सम्पन्न भए पश्चात शिक्षा विकास निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश